तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या १९/०७८/०७९ (१२९) मिति २०७९/०३/२८ गते ।

प्रस्तावहरुः

१. राष्ट्रिय भूमी आयोगसँग सम्बन्धित कार्य तथा अमिनहरुको विज्ञापन सम्बन्धमा ।

२. आ.व. २०७९/०८० को बजेट सम्बन्धमा ।

३. तिलोत्तमा नगरपालिकाको आर्थिक विधेयक, २०७९ सम्बन्धमा ।

४. तिलोत्तमा नगरपालिकाको विनियोजन विधेयक, २०७९ सम्बन्धमा ।

५. तिलोत्तमा नगरपालिकाको सहकारी ऐन, २०७४ (दोस्रो संशोधन) सम्बन्धमा ।

६. मुद्दा मामिलाको अख्तियारी सम्बन्धमा ।

७. देहायका विधानहरु स्वीकृत सम्बन्धमा ।

क) छत्तिस मौजा सामुदायिक सिँचाई प्रणाली, तिलोत्तमा-१, रुपन्देही ।

ख) करहिया-मक्रहर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था, तिलोत्तमा-८, रुपन्देही ।

८. समितिहरुको गठन सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं.-१

- तिलोत्तमा नगरपालिका वडा नं.-१२ र १४ को भूमिहीन दलित, भूमिहीन सुकम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि आवाद कमोत गरेको जग्गा नापजाँच तथा व्लक स्वीकृत गरी छनौट तथा प्रमाणीकरणका लागि राष्ट्रिय भूमी आयोग, जिल्ला समिति, रुपन्देहीमा पठाउने निर्णय गरियो । साथै, यस कार्यालयबाट भूमिहीन दलित, भूमिहीन सुकम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन प्रयोजनार्थ आवश्यक नापजाँच कार्यको लागि मिति २०७९/०३/१७ गतेमा प्रकाशित ५ जना अमिन र १ जना सर्वेक्षकको विज्ञापन सूचना स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं.-२

- बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उप-प्रमुख श्री जगेश्वर देवी चौधरीज्यूबाट कार्यपालिकामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमका सम्बन्धमा छलफल गरी प्राप्त सुझाव सहित स्वीकृतीका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।



रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-३

- नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरीज्यूबाट आर्थिक वर्ष २०७९/०८० को लागि प्रस्तुत **"तिलोत्तमा नगरपालिकाको आर्थिक विधेयक, २०७९"** लाई स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

- नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरीज्यूबाट आर्थिक वर्ष २०७९/०८० को लागि प्रस्तुत **"तिलोत्तमा नगरपालिकाको विनियोजन विधेयक, २०७९"** लाई स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

**"तिलोत्तमा नगरपालिकाको सहकारी ऐन २०७४" (दोस्रो संशोधन,२०७९)** संशोधन गर्न आवश्यक देखिएकोले देहाय बमोजिम संशोधन गरी स्वीकृतीका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| साविकमा रहेको | हाल कायम हुनुपर्ने | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| तिलोत्तमा नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद १ परिभाषा खण्डको दफा २ को बुँदा (ब) मा दर्ता गर्ने अधिकारी भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ । | तिलोत्तमा नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद १ परिभाषा खण्डको दफा २ को बुँदा (ब) मा दर्ता गर्ने अधिकारी भन्नाले दफा ७० बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ । | परिभाषा खण्डमा उल्लेख भएको दफा नम्वर सम्वन्धी व्यवस्था र ऐनको दफा नम्वर फरक परेकोले । |

निर्णय नं.-६

- तिलोत्तमा नगरपालिकालाई विपक्षी बनाई विभिन्न तहका अदालतमा दायर हुने जुनसुकै प्रकारका मुद्दा तथा यस नगरपालिकाले कसै उपर मुद्दा दर्ता गर्नुपर्ने भएमा यस नगरपालिका कार्यालयको तर्फबाट मुद्दाको पुर्पक्ष गर्न, लिखित जवाफ पेश गर्न, प्रतिउत्तर पेश गर्न, फिराद दर्ता गर्न समेतका लागि यस कार्यालयका कर्मचारी श्री ओमप्रकाश कुवँरलाई अख्तियारीनामा दिने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-७

क) तिलोत्तमा नगरपालिका, वडा नं.-१ स्थित छत्तिस मौजा सामुदायिक सिँचाई प्रणालीको मिति २०७७/०९/२५ गतेको साधारण सभाको बैठकबाट संशोधित विधान स्वीकृतीको लागि मिति २०७८/०२/१८ गतेमा पेश भएकोमा जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, रुपन्देहीको च..नं. २४७, मिति २०७७/११/१० गतेको पत्र तथा जिल्ला समन्वय समितिको कार्यालय, भैरहवा, रुपन्देहीको च.नं. ४०८, मिति २०७७/१२/३१ गतेको परिपत्र बमोजिम उक्त संशोधित विधान स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) तिलोत्तमा नगरपालिका, वडा नं.-८ स्थित करहिया-मक्रहर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको मिति २०७८/१२/१० गतेको साधारण सभाको बैठकबाट संशोधित विधान स्वीकृतीको लागि पत्र संख्या ०७८/०७९, च.नं. ५५ मिति २०७९/०२/२३ गतेमा पेश भएको संशोधित विधान स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.-८

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस नगरपालिकामा देहाय बमोजिमका समितिहरु गठन गर्नुपर्ने भएकोले आवश्यक गृहकार्य तथा छलफल गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) न्यायिक समिति
ख) लेखा समिति
ग) सुशासन समिति
घ) विधायन समिति

रामकृष्ण खाण
नगर प्रमुख

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत